# स्थानीय राजपत्र

# भाग १ खण्ड २ संख्या १

## बागलुङ नगरपालिकाद्वारा प्रकाशित

## आर्थिक ऐन - २०७५

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २, संख्या १, मिति १ श्रावण २०७५

**भाग १**

**बागलुङ नगरपालिका**

## बागलुङ नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको

## "आर्थिक ऐन २०७५"

**प्रस्तावना :**

बागलुङ नगरकार्यपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क दस्तुर तथा महशुल लगाउन, लगाई राखेको कर व्यवस्थालाई चालु राख्न, हेरफेर गर्न र राजश्व प्रशासनलाई समयानुकुल वनाउन समेत वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा ५९, २२६ र २२८ को उपधरा (२) बमोजिम वागलुङ नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(ख) यो ऐन २०७५ साल श्रावण १ गते देखि बागलुङ नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. एकिकृत सम्पति कर :**

नगरपालिका क्षेत्रभित्र **अनुसूचि १** बमोजिम एकिकृत सम्पत्ति कर लगाईने र असूल उपर गरिने छ । तर एकिकृत सम्पत्तिको दायरामा आई नसकेको क्षेत्रका गत वर्षको घरजग्गा करको वांकी वक्यौताको हकमा अनुसूची २ बमोजिमको दरमा घरजग्गा कर लगाईने छ ।

**३. भूमि कर (मालपोत) र घरजग्गा कर :**

नगरपालिका क्षेत्रको मालपोत र घरजग्गा करको (बाँकी बक्यौताको हकमा मात्र) दर **अनुसूचि २** बमोजिम हुनेछ ।

**४. घर वहाल कर :**

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसूचि ३** बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय कर :**

नगरपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय दर्ता गरी **अनुसूचि ४** बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

**६. जडिवुटि, कवाडी र जीवजन्तु कर :**

नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटि, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध

गरिएको जीवजन्तु वाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवारमा **अनुसूचि ५** बमोजिमको दरमा कर लगाईनेछ ।

७. **ठेला रिक्सा टाँगा दर्ता शुल्क** : नगरपालिका क्षेत्रमा ठेला, रिक्सा, टांगा, दर्ता गरी नम्बर दिए बापत **अनुसूचि ६** बमोजिमको दरमा दर्ता शुल्क लगाईनेछ ।

८. **विज्ञापन कर :**

नगरपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूचि ७** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

९. **मनोरञ्जन कर :**

नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूचि ८** बमोजिम व्यवसाय कर लगाईनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क :**

नगरपालिका क्षेत्रभित्र घर, पसल, गोदाम, टहरा, छप्पर, वा कारखाना वा जग्गा वहालमा लगाएकोमा **अनुसूचि ९** मा उल्लेख भए अनुसार वहाल कर लगाईनेछ र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा घर पसलहरुमा सोही अनुसूचिमा व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क :**

नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूचि १०** बमोजिम पार्किङ शुल्क लगाईनेछ ।

**१२. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसायमा लगाईने शुल्कको दर प्रदेश सभाले तोके बमोजिम हुनेछ ।

**१३. ढुंगा, गिटी, वालुवा, रोडा र ग्राभेल आदीको विक्रि करः**

नगर क्षेत्रभित्रको ढुंगा, गिटी, वालुवा रोडा ग्राभेल आदिको विक्रि करको दर प्रदेश कानूनमा तोकिएकोमा तोकिए वमोजिम कायम हुनेगरी नतोकिएसम्मका लागि **अनुसूचि ११** मा व्यवस्था भए वमोजिम हुनेछ ।

**१४. सवारी साधान कर :**

नगरपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूचि १२** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

**१५. सेवा शुल्क, दस्तुर :**

नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनुसूचि १३** मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाईनेछ ।

**१६. पर्यटन शुल्क :**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुमा लगाउने पर्यटन शुल्क प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

**१७. घरजग्गा रजिष्टेशन शुल्क :**

नगर क्षेत्रको घरजग्गा विक्रि वितरण वा स्वामित्व हेरफेर गर्दा लगाईने रजिष्टेशन शुल्कको दर प्रदेश कानूनमा व्यवस्था भए वमोजिम हुनेछ । सरकारले तोके वमोजिम हुनेछ ।

**१८. साझा अधिकारको सूचीका सम्बन्धमा प्रदेश कानून वमोजिम हुने :**

प्रदेश सरकार र स्थानीय सरकारको साझा अधिकार सूचीमा रहेका करका क्षेत्रहरुको हकमा प्रदेश कानून वमोजिम हुनेछ ।

**१९. कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट हुने छैन।

**२०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :**

यस ऐनमा उल्लेख भएदेखि वाहेकका करका क्षेत्र तथा करका दरहरु नगरकार्यपालिकाले तोके वमोजिम हुनेछ र यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि र यस ऐनमा उल्लेखित कुनै करका क्षेत्र अन्य स्थानीय तहसंग सम्बन्धित भएमा आपसी समन्वयका आधारमा नगरकार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

# अनुसूची १

## दफा २ संग सम्बन्धित

## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकीकृत सम्पत्ति करको दर

| करयोग्य एकीकृत सम्पत्तिको मूल्य | दर (वार्षिक) |
|---|---|
| दश लाख रुपैयाँसम्म | पच्चीस रुपैयाँदेखि दुई सय रुपैयाँसम्म |
| दश लाख एक रुपैयाँदेखि वीस लाख रुपैयाँसम्म | दुईसय पचास रुपैयाँदेखि चार सय रुपैयाँसम्म |
| वीस लाख एक रुपैयादेखि तीस लाख रुपैयाँसम्म | पाँच सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म |
| तीस लाख एक रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म | एक हजार दुई सय रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म |
| पचास लाख एक रुपैयाँदेखि एक करोड रुपैयाँसम्म | तीन हजार पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म |
| एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म | बाह्र हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म |
| दुई करोड एक रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | पच्चीस हजार रुपैयाँदेखि साठी हजार रुपैयाँसम्म |
| पाँच करोड एक रुपैयाँदेखि माथि | दुई रुपैयाँ प्रति हजार |

# अनुसूची- १
## दफा २ संग सम्बन्धित

एकीकृत सम्पत्तिको विवरण

| सि.नं. | जग्गा/घर धनीको नाम | पेशा | ठेगाना | | जग्गाको विवरण | | भौतिक संरचनाको विवरण र किसिम | | | | | | | भौतिक संरचना बनेको मिति | भौतिक संरचनाको | | | | | भौतकि संरचनाको प्रयोग | | | | | प्रयोगकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सडकको नाम | घर नं. | कि.नं. | क्षेत्रफल | भवन | गोदाम | टहरा | सेड | ग्यारेज | पर्खाल | अन्य | | लम्बाइ मि. | चौडाइ मि. | उँचाइ मि. | क्षेत्रफल वर्ग मी. | तला संख्या | आवास | व्यापार | औद्योगिक | संस्थागत | अन्य | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

# अनुसूची - १
## दफा २ संग सम्बन्धित

भौतिक संरचनाको वर्गीकरण

१. आर.सि.सि. फ्रेम स्ट्रक्चरका घर

२. सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना

३. माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना

४. सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/एस्वेस्टसको छाना

५. माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/एस्वेस्टसको छाना

६. सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - टायलको छाना

७. कच्ची घर

# अनुसूची-१
# दफा २ संग सम्बन्धित

एकीकृत सम्पत्तिकोमूल्याङ्कन फाराम

| सि.न.. | जग्गा/घरधनीको नाम | पेशा | ठेगाना | | जग्गाको विवरण | | कायम रहेको प्रति इकाईको दर | जग्गाको कायम हुन आएको मूल्य | भौतिक संरचनाको क्षेत्रफल (वर्ग मिटरमा) | | | | | | कायम गरेको प्रति इकाईको दर | भौतिक संरचनाको अवस्था र क्षेत्रफलको आधारमा कायम हुन आएको मूल्य रु. | भौतिक संरचनाको कायम हुन आएको मूल्य ह्रास कट्टी रु. | भौतिक संरचनाको कायम हुन आउने मूल्य रु. | एकीकृत सम्पत्तिको कायम हुन आएको कूल मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सडकको नाम | घर नं. | कि.नं. | क्षेत्रफल | | | भवन | गोदाम | टहरा | सेड | ग्यारेज | पर्खाल | अन्य | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

# अनुसूची २
## दफा ३ संग सम्बन्धित
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मालपोत वा भुमिकर र घरजग्गा करको दर

**१. घर-जग्गा कर:-**

| घरजग्गाको मूल्य | करको दर |
|---|---|
| पहिलो रू. १० लाखसम्ममा | कर नलाग्ने |
| त्यसपछिको रू. १० लाखसम्ममा | रू. ३००।- एकमुष्ठ |
| त्यसपछिको रू. ३० लाखसम्ममा | ०.०५ प्रतिशत |
| त्यसपछिको रू. ५० लाखसम्ममा | ०.२५ प्रतिशत |
| त्यसपछिको रू. १ करोडसम्ममा | ०.५० प्रतिशत |
| त्यसपछिको बाकी रकममा | १.५० प्रतिशत |

**२. घरजग्गाको मूल्याङ्कन गर्ने तरिका**

(१) घरजग्गामा कर लाग्ने क्षेत्रहरूको लागि घरको बनोटको वर्गीकरण र मूल्याङ्कन देहाय वमोजिम हुनेछ:-

**(क) घरको बनोटको वर्गीकरण:**

(१) भित्र काँचो बाहिर पाको ईटमा माटोको जोडाई भएका सबै किसिमका घर र काठै काठबाट बनेका घर ।

(२) भित्र बाहिर पाको ईटा वा ढुंगामा माटोको जोडाई भएका सब किसिमका घर ।

(३) भित्र बाहिर पाकेको ईटमा सिमेण्ट वा वज्रको जोडाई भएका सब किसिमका घर ।

(४) आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर ।

**(ख) घरको मूल्याङ्कन**

| घरको बनोट | औषत लागत दर प्रति वर्गफुट | प्रति वर्ष टुटफुट कट्टी दर प्रतिशत | कट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| (अ) प्रकरण २(१)(क)(१) बमोजिमको घर | रू.४५०।- | ३.०० | २५ |
| (आ) प्रकरण २(१)(क)(२) बमोजिमको घर | रू.५२५।- | २.०० | ३० |
| (इ) प्रकरण २(१)(क)(३) बमोजिमको घर | रू. ५७५।- | १.०० | ७० |
| (ई) प्रकरण २(१)(क)(४) बमोजिमको घर | रू. ६३५।- | ०.७५ | १०० |

(ग) काँचो ईटा वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस, छ्वाली, खर, पराल र साधारण टीनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन तर घरजग्गाकरको बर्गीकरणमा नपरेका उल्लिखित घरहरुलाई प्रति घर धुरी रु १००।- का दरले लाग्ने छ ।

(घ) सिनेमा हलहरूको भवनको अघिल्लो भाग (मुख्य अडिटोरियम) को मूल्याङ्कन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मूल्याङ्कन गरिनेछ ।

(ङ घरजग्गा कर लाग्ने क्षेत्रहरूको जग्गाको मूल्यांकन गर्दा सोको प्रयोजनको निमित्त गठित स्थानीय समितिले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम जग्गाको मूल्यांकन गरिने छ ।

**३. मालपोत:**

जग्गाको किसिम (अब्बल, दोयम, सिम र चहार) र उत्पादकत्व समेत हेरी सम्बन्धित नगर परिषद्को स्वीकृतिमा निम्नानुसारको मालपोत लगाईनेछ।

१. ५ रोपनी सम्मको जग्गामा रु २० र त्यस भन्दा माथिको जग्गामा प्रति रोपनी थप रु ३ का दरले लाग्ने छ ।

## अनुसूची-३
## दफा ४ संग सम्बन्धित
### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल करको दर

१. नगर क्षेत्र भित्रका कुनै व्याक्तिले कुनै व्यक्तिलाई घर/जग्गा, पसल, गोदाम, टहरा, छप्पर, वा कारखाना वहालमा लगाएकोमा वहाल करको रकममा ६ प्रतिशतले वार्षिक वहाल कर अशुल गरिने छ ।

२. नगर क्षेत्र भित्रका कुनै व्याक्ति तथा संस्थाले कुनै संस्थालाई घर/जग्गा, पसल, गोदाम, टहरा, छप्पर वा कारखाना वहालमा लगाएकोमा वहाल करको रकममा १० प्रतिशतले वार्षिक वहाल कर अशुल गरिने छ ।

३. घर तथा जग्गा वहालमा दिने घर तथा जग्गा धनीले एकीकृत सम्पत्ति कर वुझाउने समयमा वहालमा दिएको विवरण वा निस्सा प्रमाण संलग्न गर्नु पर्नेछ ।

४. घर तथा जग्गा धनीले दिएको वहालको विवरणमा चित्त नवुझेमा राजश्व शाखा वा तोकिएको अधिकारीवाट फिल्ड अनुगमन गर्न सक्नेछ ।

५. घर तथा जग्गा धनीले घर वा जग्गा आँफै वा सगोलको परिवारले उपयोग गरेको भएमा वहाल कर लाग्ने छैन यो सुविधा उपभोग गर्नका लागि नाता खुल्ने कुनै प्रमाण पेश गर्नु पर्नेछ ।

# अनुसूची-४
## दफा ५ संग सम्बन्धित
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा लगाउने व्यवसाय करको दर

| सि. नं | व्यवसायको नाम तथा किसिम | आ.व. २०७५।०७६ को दर |
|---|---|---|
| १ | **डिलर तथा डिस्ट्रीव्यूटर (डिपार्टमेन्टल स्टोर्स सहीत)** | |
| | - डिष्ट्रिव्युटर सवैप्रकारका | १०,०००।- |
| | - डिलर सिप सबै प्रकारका | ८,०००।- |
| | - डिपार्टमेन्टल स्टोर्स | ७,०००।- |
| २ | **गहना तथा ज्वेलरी** | |
| | - ज्वेलरी गहना पसल सबै | १०,०००।- |
| | - ज्वेलरी गहना निर्माण केन्द्र | ८,०००।- |
| | - ज्वेलरी कारीगर निर्माण | ३,०००।- |
| | - फेसन ज्वेलर्स | २,५००।- |
| ३ | **हार्डवयर व्यवसाय/निर्माण व्यवसाय/घर जग्गा व्यवसाय** | |
| | - हार्ड वयर पसल | ८,०००।- |
| | - रंग, रोगन तथा सिसा प्लाई | ६,०००।- |
| | - मार्वल तथा टायल पसल | ८,०००।- |
| | **- नगरपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी** | |
| | - निर्माण कम्पनी शाखा जे.भी (अस्थायी दर्ता) | २५,०००।- |
| | - क वर्ग | २०,०००।- |
| | - ख वर्ग | १५,०००।- |
| | - ग वर्ग | १०,०००।- |
| | - घ वर्ग | ५,०००।- |
| | - घर निर्माण व्यवसाय | ५,०००।- |
| | - हाउजीङ/रियलस्टेट | १०,०००।- |
| ४ | **कपडा तथा फेन्सी व्यवसाय** | |
| | - फेन्सी पसल/जुत्ता सहित | ५,०००।- |
| | - जुत्ता पसल कपडा तथा छाला | ५,०००।- |
| | - कपडा तथा छाला जुत्ता पसल | ३,०००।- |
| | - कपडा तथा छाला जुत्ता मर्मत केन्द्र (विक्री बाहेक) | १,५००।- |

| | | |
|---|---|---|
| ५ | **टेलरीङ** | |
| | - टेलर्स (कपडा सहितको) | ४,०००।- |
| | - सिलाई प्रशिक्षण केन्द्र | २,०००।- |
| | - सिलाई केन्द्र (टेलर्स) | १,५००।- |
| ६ | **कम्प्यूटर व्यवसाय/सूचना र प्रविधि** | |
| | - कम्प्यूटर पसल | ५,०००।- |
| | - कम्प्यूटर तालिम | ५,०००।- |
| | - फोटोकपी तथा सेक्रेटरीयल सर्भिस (सरकारी काम गर्ने समेत) | ३,०००।- |
| | - डेक्सटप तथा डिजाईनिङ सर्भिस | ५,०००।- |
| ७ | **बिधुतीय सामाग्री** | |
| | - सोलार विक्रि केन्द्र | १०,०००।- |
| | - ईलेक्ट्रीकल पसल | ७,०००।- |
| | - बिधुतीय सामान (हाउस वाईरीङ) | ५,०००।- |
| | - मेशनरी तथा मेशनरी औजार | १०,०००।- |
| | - टिभि, फ्रिज, बासीङ मेशीन, मोटर मर्मत | ३,०००।- |
| | - अन्य ईलेक्ट्रोनिक्स सामान मर्मत | ३,०००।- |
| ८ | **मोवाईल बिक्री** | |
| | - मोवाईल फोन तथा संचार उपकरण विक्रेता | ५,०००।- |
| | - मोवाईल फोन ग्राहक सेवा तथा रिर्चाज विक्रेता | ५,०००।- |
| ९ | **वित्तिय संस्था** | |
| | - निजी स्तरका बैक | ३०,०००।- |
| | - निजी स्तर का विकास बैक | २५,०००।- |
| | - लघुवित्तीय संस्था तथा बैक | १५,०००।- |
| | - मनि ट्रान्सफर/बिदेशी मुद्रा सटही | १०,०००।- |
| | - शेयर दलाल/धितो पत्र/शाखा सहित | १०,०००।- |
| | - बीमा कम्पनी को शाखा वा सर्म्पक | १०,०००।- |
| | - सहकारी संस्था प्रदेश स्तरीय | ७,०००।- |
| | - सहकारी संस्था नगर स्तरीय | ५,०००।- |
| १० | **अटोमोवाईल/टायर पसल/सवारी साधन मर्मत संभार सहित/मोटर पार्टस** | |
| | - चारपाग्रें हलुका सवारी साधन विक्री कक्ष | १०,०००।- |

| | | |
|---|---|---|
| | - ट्र्याक्टर, बस, तथा ठूला सवारी साधन विक्री कक्ष | १०,०००।- |
| | - २ पाङ्ग तथा ३ पाङ्ग सवारी साधन विक्रि कक्ष | ८,०००।- |
| | - साईकल विक्री तथा मर्मत केन्द्र | ३,०००।- |
| | - टायर पसल | ५,०००।- |
| | - हेभी ईक्यूप्पमेन्ट सहितको मर्मत केन्द्र | १२,०००।- |
| | - बस, ट्रक, कार, जीप, ट्र्याक्टर सहितको मर्मत केन्द्र | ९,०००।- |
| | - मोटर साईकल मर्मत केन्द्र | ४,०००।- |
| | - टायर रिसोलिङ सेन्टर | ९,०००।- |
| | - टायर मर्मत तथा हावा पसल | ३,०००।- |
| | - सिट हुड, वाइरिङ पसल, | ३,०००।- |
| | - पेन्टर, स्टिकर, कार डेकोरेशन पसल | ५,०००।- |
| | - स्टिकर हाउस | २,५००।- |
| | - मोटर पार्टस | १०,०००।- |
| | - मोटर वासीङ सर्भिस सेन्टर | ३,०००।- |
| | - चापी निर्माण घर | १,५००।- |
| ११ | **उद्योग/सेवा मुलक/खनिज** | |
| | - क्रसर उद्योग | २०,०००।- |
| | - रेडीमिक्स नया“ दर्ता | ३०,०००।- |
| | - रेडिमिक्स शाखा | २०,०००।- |
| | - ईट्टा भट्टा चिम्नी | ३०,०००।- |
| | - ईट्टा लोकल ठूलो | २२,०००।- |
| | - ईट्टा लोकल सानो | २०,०००।- |
| | - ईट्टा भट्टा चिम्नी वा लोकल विक्री मात्र | १०,०००।- |
| | - स्लेभ ढुङ्गा/कटिङ ढुङ्गा विक्री केन्द्र | ५,०००।- |
| | - ब्लक उद्योग | ५,०००।- |
| | - ग्रिल उद्योग | ८,०००।- |
| | - अल्मुनियम उद्योग | ५,०००।- |
| | - चाउचाउ उद्योग | ३,०००।- |
| | - दालमोठ, पाउरोटी, बेकरी | २,५००।- |
| | - मैनबत्ती उद्योग | १,०००।- |
| | - दाना उद्योग | २,०००।- |

| | | |
|---|---|---|
| | - मिनरल वाटर | २०,०००।- |
| | - मिनरल वाटर को डिपो (छुटै फर्म दर्ता गर्नु पर्ने) | ५,०००।- |
| | - कापी उद्योग | ५,०००।- |
| | - अफसेट प्रेस | ७,०००।- |
| | - फेल्क्स प्रिन्टर | ४,०००।- |
| | - कलर ल्याव | ७,०००।- |
| | - होजीयारी उद्योग | २,०००।- |
| | - कपास रिसाईक्लिन | २,०००।- |
| | - हयान्डीक्राफट तथा घरेलु उद्योग | २,०००।- |
| | - फोटो तथा भिडीयो ग्राफ तथा स्टूडीयो | २,०००।- |
| | - आर्टस तथा पेन्टीङ | १,०००।- |
| | - कुटानी पिसानी सहीत को तेल मिल | २,५००।- |
| | - कुटानी पिसानी मिल | २,०००।- |
| | - कुटानी पिसानी १६ एम बाट चल्ने | ५००।- |
| | - ढुङ्गा खानी उद्योग | ६,०००।- |
| | - झोला, ज्याकेट तथा चप्पल उद्योग | ५,०००।- |
| **१२** | **होटल तथा रेष्टुरेन्ट/मदिरा पसल** | |
| | - होटल १० कोठा माथी, मदिरा, रेष्टुरेन्ट सभाहल | १०,०००।- |
| | - होटल ५ देखि १० कोठा सम्म, मदिरा, रेष्टुरेन्ट | ७,०००।- |
| | - होटल १ देखि ५ कोठा सम्म | ५,०००।- |
| | - पार्टी प्यालेस | २०,०००।- |
| | - क्याटरीङ, टेन्ट हाउस | १५,०००।- |
| | - रेष्टुरेन्ट,तन्दुरी, बार सहीत | ५,०००।- |
| | - गजल, दोहरी, डान्सबार | १०,०००।- |
| | - भोजनालय/रेष्टुरेन्ट शाहाकारी | ३,०००।- |
| | - चिया खाजा पसल (मदिरा बाहेक) | १,०००।- |
| | - मिष्ठान भण्डार | २,०००।- |
| | - मदिरा विक्री पसल | ७,५००।- |
| **१३** | **मासु व्यवसाय** | |
| | - मासु मिश्रीत (सबै) | ५,०००।- |

| | | |
|---|---|---|
| | - कुखरा तथा खसी | २,५००।- |
| | - माछा | २,०००।- |
| | - राँगा | २,०००।- |
| | - बङ्गुर पसल | २,०००।- |
| | - खसी | २,०००।- |
| | - कुखरा | २,०००।- |
| | - बधशाला सबै प्रकारको | १०,०००।- |
| **१४** | **दैनिक उपभोग्य (किराना, तरकारी, फलफुल, दुध तथा अन्य)** | |
| | - दैनिक उपभोग्य सामानको थोक विक्रेता | ५,५००।- |
| | - किराना पसल, तरकारी तथा फलफुल सहित | ४,०००।- |
| | - फलफुल तथा तरकारी | २,०००।- |
| | - तरकारी तथा फलफुल थोक | ४,०००।- |
| | - दुध, डेरी तथा जुस पसल | २,५००।- |
| | - गेडागुडी तथा अर्गानीक पसल | २,०००।- |
| | - दुध चिस्यान/सहकारी | ५,०००।- |
| | - ग्यास विक्री केन्द्र अनिवार्य छुटै फर्म दर्ता गर्नु पर्ने | ५,०००।- |
| **१५** | **सौन्दर्यकला/कस्मेटीक/चुरा पसल** | |
| | - व्यूटी पार्लर | २,०००।- |
| | - हेयर कटिङ शैलुन (बिदेशी) | ३,०००।- |
| | - हेयर कटिङ शैलुन (स्वदेशी) | २,०००।- |
| | - मसाज सेन्टर | ३,०००।- |
| | - चुरा पसल टयाकींमा | १,५००।- |
| | - कस्मेटीक पसल थोक | ५,०००।- |
| | - कस्मेटीक पसल खुद्रा | २,५००।- |
| **१६** | **खेलकुद तथा मनोरन्जन** | |
| | - फुटसल | १,००००।- |
| | - व्यायमशाला | ५,०००।- |
| | - पुल तथा स्नुकर हाउस | ५,०००।- |
| | - हेल्थ क्लव | ५,०००।- |
| | - चलचित्र भवन | १०,०००।- |
| | - अडियो भिडीयो पसल | १,५००।- |
| **१७** | **स्वास्थ्य** | |

| | | |
|---|---|---|
| | - निजी क्षेत्रका अस्पताल | १०,०००।- |
| | - नर्सिङ होम तथा पोलीकिल्नीक | ७,०००।- |
| | - सामुदायी अस्पताल | ६,०००।- |
| | - आयूवेदीक अस्पताल | ६,०००।- |
| | - आर्यूवेद क्लीनीक तथा पसल | ५,०००।- |
| | - प्रयोगशाला | ५,०००।- |
| | - दन्त सेवा | ७,०००।- |
| | - आ“खा उपचार तथा चस्मा पसल | ५,०००।- |
| | - Xray तथा विविध सेवा | ५,०००।- |
| | - औषधी थोक विक्रेता | १०,०००।- |
| | - औषधी पसल तथा क्लीनिक | ५,०००।- |
| | - प्रयोगशाला (उच्च) | १०,०००।- |
| | - प्रयोगशाला (संकलन केन्द्र मात्र) | ५,०००।- |
| | - औषधी पसल भेटनरी थोक | ८,०००।- |
| | - औषधी पसल भेटनरी | ५,०००।- |
| | - पशुपक्षी,दाना पसल थोक(अण्डा, चल्ला, औषधी) | ८,०००।- |
| | - जडीवुटी व्यवसाय (बैध तथा घरेलु उपचार) | २,०००।- |
| १८ | **केवल, ईन्टरनेट, दुरसचांर सेवा प्रदायक, टेलीभिजन** | |
| | - केवुल टिभि स्थानीय | २०,०००।- |
| | - केवल टिभी शाखा(तार सहीत र रहीत) | ३०,०००।- |
| | - ईन्टरनेट सेवा स्थानीय | २०,०००।- |
| | - ईन्टरनेट सेवा शाखा | २०,०००।- |
| | - निजी क्षेत्रका मोवाईल सेवा वितरक | ३०,०००।- |
| | - निजी क्षेत्रका मोवाईल सेवा प्रति टावर | २,०००।- |
| | - नेपाल टेलीकम<br>क) प्रति टावर<br>ख) प्रति पोल | <br>२,०००।-<br>५०।- |
| | - टेलिभिजन | १०,०००।- |
| | - एफ एम रेडियो प्रसारण | ७,५००।- |
| | - एफ एम रेडियो सामुदायिक | ७,०००।- |
| १९ | | |
| | - टुर अपरेटर | ५,०००।- |

| | | |
|---|---|---|
| | - ट्राभल्स | १०,०००।- |
| | - यान्त्रीक पुल | २०,०००।- |
| | - बन्जी जम्प | १०,०००।- |
| | - हवाई सेवा शाखा/ टिकट काउन्टर | ५,०००।- |
| २० | **स्टेशनरी/पुस्तक पत्रिका** | |
| | - स्टेशनरी पसल थोक | १०,०००।- |
| | - स्टेशनरी पसल पत्रीका, फोटोकपी सहीत | ७,५००।- |
| | - स्टेशनरी पसल | ५,०००।- |
| २१ | **कृषि/रासायनीक मल तथा विषादी** | |
| | - बिउ विजन भण्डार थोक (मल तथा बिषादी) | ३,०००।- |
| | - पोल्ट्री फार्म ठूलो | २,०००।- |
| | - पोल्ट्री फार्म सानो | १,०००।- |
| | - गाई भैसी फार्म | १,०००।- |
| | - कृषि तरकारी तथा फलफुल फार्म | १,०००।- |
| | - कृषि तरकारी तथा फलफुल सप्लार्यस | १०,०००।- |
| २२ | **भा“डा तथा घरेलु औजार** | |
| | - भाडा पसल थोक तथा खुद्रा | ५,०००।- |
| | - भाडा पसल खुद्रा | ३,०००।- |
| | - प्लाष्टिक, मेच, कुर्ची तथा अन्य सामाग्री पसल | ४,०००।- |
| | - माटोको भाडा पसल, डोको डाली नाङलो पसल | १,५००।- |
| २३ | **फर्निचर/फर्निसिङ तथा ईन्टेरीयर डेकोरेशन** | |
| | - स मिल | ७,०००।- |
| | - फर्निचर उधोग | ५,०००।- |
| | - फर्निचर उधोग सो रुम सहीत | ८,०००।- |
| | - ईन्टरेरियर डेकोरेशन | ६,०००।- |
| | - स्टिल फर्निचर | २,०००।- |
| २४ | **बिशेषज्ञ तथा अन्य परामर्श सेवा** | |
| | - चिकित्सक | २,५००।- |
| | - दन्त चिकित्सक | २,५००।- |
| | - पशु चिकित्सक | २,०००।- |
| | - कविराज | १,५००।- |
| | - ईञ्जिनियर | २,५००।- |

| | | |
|---|---|---|
| | - कानुन व्यवसायी | २,०००।- |
| | - अनुसन्धान कर्ता तथा परामर्शदाता | १,५००।- |
| | - लेखापरिक्षक | |
| | - क वर्ग | ५,०००।- |
| | - ख वर्ग | ३,०००।- |
| | - ग वर्ग | २,०००।- |
| | - घ वर्ग | १,५००।- |
| | - सर्भेयर | २,०००।- |
| | - अनुवादक | १,५००।- |
| | - नोटरी पव्लीक सेवा | १,५००।- |
| २५ | **निजी क्षेत्रका बिद्यालय/क्याम्पस/प्राविधक शिक्षालय/कोचीङ/भाषा कक्षा/मन्टेशरी** | |
| | - नीजि क्षेत्रका क्याम्पस BBS भन्दा माथि | ७,०००।- |
| | - नीजि क्षेत्रका मा.वि. स्कुल १०+२ सम्म | ७,०००।- |
| | - नीजि क्षेत्रका आधारभूत विद्यालय | ५,०००।- |
| | - नीजि क्षेत्रका प्रा.वि. विद्यालय | ४,०००।- |
| | - नीजि क्षेत्रका मन्टेशरी | ५,०००।- |
| | - नीजि क्षेत्रका होस्टेल, | ३,५००।- |
| | - नीजी क्षेत्रका होस्टल तथा ट्यूशन सेन्टर | ५,०००।- |
| | - तालिम, कोचिङ सेन्टर (भाषा कक्षा) | ५,०००।- |
| | - प्राविधिक शिक्षालय (स्टाफ नर्स र एच.ए) | २०,०००।- |
| | - प्राविधिक शिक्षालय (अनमी र अ.हे.व.) | १५,०००।- |
| २६ | **अन्य** | |
| | - सामान ढुवानी (ट्रान्सपोर्ट सेवा) | ८,०००।- |
| | - कुरीयर सेवा | २,५००।- |
| | - नीजी क्षेत्रका हुलाक सेवा (बैदेशीक | १०,०००।- |
| | - फुल तथा पुजा पसल | १,०००।- |
| | - स्यानटरी तथा बेबी सप | ३,०००।- |
| | - सुती, उनी, धागो तथा नाइलन कपडा पसल | १,५००।- |
| | - कवाडी संकलन केन्द्र | १०,०००।- |
| | - चनाचटपट, (विदेशी) | २,०००।- |

| | | |
|---|---|---|
| | - चनाचटपट, (स्वदेशी) | १,०००।- |
| | - ड्राई क्लिनर्स | १,०००।- |
| | - गिफ्ट हाउस | ३,०००।- |
| | - पेट्रोल पम्प | १०,०००।- |
| | - बिज्ञापन ऐजेन्सी | २,०००।- |
| | - डान्स स्कुल | २,०००।- |
| | - बैदेशिक रोजगार कार्यालय (मेनपावर) | १०,०००।- |
| | - पान पसल | २,०००।- |
| | - कन्सल्टेन्सि सेवा बेदैशीक रोजगार | १०,०००।- |
| | - कन्सल्टेन्सी सेवा (नक्सा, घर जग्गा मुल्याङकन) | १०,०००।- |
| | - हाईड्रो कंम्पनी प्रालि | ५,०००।- |
| | - कुनै पनि प्राली फर्म | १५,०००।- |
| | - सवारी साधन प्रशिक्षण केन्द्र | १०,०००।- |
| | - सुर्जी खुद्रा विक्रि | ३,०००।- |
| | - माथि नपरेका कुनै व्यवसाय | ३,०००।- |

*सि.नं. १, ३, ४ को फर्मको नाम, ईम्पोरियम, ट्रेडस, स्टोर सवैमा लागु हुने ।*

**नोटः** १. उल्लेखित विभिन्न व्यवसायहरुको न. पा. मा पहिलो पटक दर्ता गर्दा प्रमाण पत्र दस्तुर वापत रु २००.०० थप लाग्नेछ ।

२. नगरको वडा नं १,२,३,४,१० र ११ को वजार क्षेत्र वाहेकका अन्य वडामा रहेका दैनिक उपभोग्य वस्तु फेन्सी होटल व्यवसायमा सामानका पसलहरुमा माथि उल्लेखित व्यवसाय करको वार्षिक दरमा ३५ प्रतिशत कम गरी व्यवसाय करको दर कायम गर्ने र कुनै एक व्यवसायिले एक भन्दा वढि पसल सञ्चालन गरेको पाईएमा भने सोहि करको दर कायम गरिनेछ ।

३. माथी उल्लेखित व्यवसायिहरुले लामो समयदेखि व्यवसाय कर नतिरेको अवस्था वा व्यवसाय वन्द रहेको अवस्थामा आ.व. २०७३।०७४ र आ.व. २०७४।०७५ को २०७५ पौष मसान्तसम्म अशुली गरी लगत कट्टा गरिनेछ ।

## पटके बजार तथा हाट बजार कर :-

| सि.नं. | व्यवशाय | २०७५।२०७६ को दर |
|---|---|---|
| 1 | फेन्सी कपडा, प्रति पसल | 500।- |
| 2 | ठेका भांडा प्रति पसल | 500।- |
| 3 | माटोको भांडा प्रति पसल | 500।- |
| 4 | प्रोभिजनल प्रति पसल | 500।- |
| 5 | मादल प्रति पसल | 500।- |
| 6 | औजार भांडा प्रति पसल | 500।- |
| 7 | सुन चांदी प्रति पसल | 500।- |
| 8 | चिया नास्ता प्रति पसल | 500।- |
| 9 | डाला नाङला प्रति पसल | 500।- |
| 10 | चुरापोते प्रति पसल | 500।- |
| 11 | जिरामसला पसल | 500।- |
| 12 | जडिवुटि पसल | 500।- |
| 13 | अन्य पसल हेरेर | 500।- |

१. कृषि हाट वजारः- कृषि हाटवजार करको हकमा नगर कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ

२. नगर क्षेत्र भित्र गाडीमा दैनिक सामान विक्रि गर्ने खुद्रा तथा होलसेल व्यवसायीलाई दैनिक एक हजार रुपैया कर लाग्नेछ ।

# अनुसूचि ५
## (दफा ६ संग सम्बन्धित)
## नगर क्षेत्रवाट निकासी हुने जडिवुटि, कवाडी र जीवजन्तु निकासी करको दर

| क्र. सं. | नाम | इकाई | दर |
|---|---|---|---|
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) | प्रति केजि | ०.१० पैसा |
| २. | खोटो | प्रति केजि | ०.५० पैसा |
| ३. | प्रचलित बन वियमावलीमा लेखिएका जडी बुटीको मुल्य मात्रा र गुणस्तर हेरी नगर कार्यपालिकाले तोके बमोजिमको दरमा कर लगाउन सकिने छ । तर व्यवसायिक खेतीको र स्थानीय उद्योगमा प्रशोधन हुने जडिबुटीको हकमा आधा दरमा लाग्ने छ । | | |
| ४. | बनकस (खर) बावियो, मलहनपत्ता, छ्वाली, पराल, बगास, नियालो, लोकेता, पटेर, अम्लिसो (कुचो) | प्रति गडा ट्याक्टर ट्रक | रु १००।- |
| | बाँस | प्रतिगोता | ०.५० पैसा |
| | सिसौ, सल्लो, साल, टुनि, उत्तिस, (चट्टा, गोलिया, चिरान) सम्वन्धित जिल्ला बन कार्यालयको चलानीको आधारमा) | प्रति क्यूफिट | रु ४।- |
| | अन्य काठ (चट्टा, गोलिया, | प्रति ट्रक | रु ५००।- |

| | | | |
|---|---|---|---|
| | चिरान) सम्वन्धित जिल्ला बन कार्यालयको चलानीको आधारमा) | प्रति ट्रयाक्टर | रु २००।- |
| ५ | ढुङ्गा, गिटी, बालुवा, ग्राभेल र रोडा निजी जग्गामा उत्पादित समेत | प्रति घन मिटर | रु ५०।- |
| ६. | स्लेट/विछ्याउने ढुङ्गा | प्रति वर्गफिट | रु ३।- |
| ७. | चट्टामा प्रयोग गर्ने माटो | प्रति बर्गमिटर | ०.५० पैसा |
| | ईट्टा | प्रति एक हजार गोटामा | १००।- |
| | सिमेन्ट | प्रति वोरा | |
| ८ | सुर्तीको डण्ठल कतरन नसल | प्रति के.जि | ०.२५।- पैसा |
| ९. | सालको वियाँ | प्रति के.जि. | रु १ |
| १०. | सल्लाको सिम्टा | प्रति के.जि. | ०.२५ पैसा |
| ११. | पत्थर कोइला | प्रति के.जि. | ०.१० पैसा |
| १२. | मिनरल वाटर | प्रति बोतल | ०.२० पैसा |
| १३ | राजश्व परामर्श समितिको सिफारिस बमोजिमका अन्य खनिजजन्य पदार्थहरु | नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ | |

## स्वदेशमा स्थापना भएका उद्योगहरुले जे जस्तो अवस्थामा छ सोही रुपमा पुन प्रयोग गर्ने देहाय बमोजिमका बस्तुमा देहाय

## बमोजिमको करको दर

| क.सं. | नम | इकाई | दर |
|---|---|---|---|
| १. | खाली सीसी वियर बोतलको साइज हेरी | प्रतिगोटा | रु १।- |
| २. | खाली सीसी मदिरा र अन्य ५०० एम एल भन्दा माथी | प्रति गोटा | ०.५० पैसा |
| ३. | खाली सीसी मदिरा र अन्य ५०० एम एल भन्दा तल | प्रति गोटा | ०.२५ पैसा |
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालन र जर्किन आदि । | प्रति के.जी | रु. १।- |
| ५. | **खाली बोरा :**<br>१. ५० के.जी सम्म खाद्यान्न अँट्ने प्लाष्टिकका बोरा<br>२. ५० के.जी सम्म खाद्यान्न अँट्ने जुटका बोरा<br>३. १०० के.जी सम्म खाद्यान्न अँट्ने जुटका बोरा | <br>प्रति गोटा<br>प्रति गोटा<br>प्रति गोटा | <br>०.२५ पैसा<br>०.२५ पैसा<br>०.५० पैसा |
| ६. | तेलको टिन :<br>क. १० लिटर भन्दा बढी अट्ने ठुलो<br>ख. १० लिटर भन्दा कम अट्ने सानो | <br>प्रति गोटा<br>प्रति गोटा | <br>रु. २।-<br>रु. १।- |

**पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरि पुनः प्रयोग हुन सक्ने देहाय बमोजिमका कवाडी मालसामानमा लगाउने करको दर**

| क्र.सं. | नाम | इकाई | दर |
|---|---|---|---|
| १. | भिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) | प्रति के.जी | रु. २।- |
| २. | गार्मेण्टको कपडाको टुक्रा | प्रति के.जी | रु. २।- |
| ३. | जलेको मोबिल | प्रति लिटर | रु. १।- |
| ४. | जुट र प्लाष्टिकको बोरा | प्रति के.जी | ०.२० पैसा |
| ५. | कार्पेटका टुक्रा | प्रति के.जी | रु. २।- |
| ६. | टायरट्युब | प्रति के.जी | रु. २।- |
| ७. | थोत्रो टिन | प्रति के.जी | ०.५० पैसा |
| ८. | पुरानो ड्रम | प्रति के.जी | ०.५० पैसा |
| ९. | पुरानो कागज :<br>क. अखवार (न्युजप्रिन्ट)<br>ख. अन्य कागज (कार्टुन समेत) | प्रति के.जी<br>प्रति के.जी | ०.५० पैसा<br>रु. १।- |
| १०. | धातुका टुक्राहरु र पत्रभई काम नलाग्ने भएका धातुका सामानहरु :<br>क. फलाम<br>ख. अन्य धातु (पित्तल, तामा)आदी<br>ग. थोत्रिएका काम नलाग्ने मेशिनरी औजार | प्रति के.जी<br>प्रति के.जी<br>प्रति के.जी | रु. २।-<br>रु. २.५०<br>रु. २।- |
| ११. | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जी | रु. १।- |
| १२. | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के.जी | रु. ४।- |
| १३. | काँचको धुलो र टुक्रा | प्रति के.जी | रु. १ |

| | | | |
|---|---|---|---|
| १४. | प्रचलित कानुनले निषेधित गरे बाहेकका पंक्षीहरु जस्तै : हाँस, कुखुरा जस्ता पंक्षीहरुको प्वाँख र नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम अन्यवस्तुमा | प्रति के.जी | रु. २ |
| १५. | प्रचलित कानुनको निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुका :<br>१. हाड<br>२. सिंग<br>३. खुर<br>४. छाला (ठुलो)<br>५. छाला (सानो) | <br><br><br>प्रति के.जी<br>प्रति के.जी<br>प्रति के.जी<br>प्रति गोटा<br>प्रति गोटा | <br><br><br>रु. १।-<br>रु. २।-<br>रु. २।-<br>रु. ३०।-<br>रु. १५।- |

## अनुसूची - ६
## दफा ७ संग सम्बन्धित
## ठेला, रिक्सा, टाँगा, दर्ता तथा सञ्चालन ईजाजत दस्तुर :

१. नगरपालिका क्षेत्रमा ठेला, रिक्सा तथा टांगा, दर्ता गरी नम्बर दिए बापत नगरपालिकाले पचास रुपैया दर्ता शुल्क लगाईने छ ।

२. अटोरिक्सा ई रिक्सा दर्ता बापत रु २५००।- दर्ता शुल्क लगाउने छ ।

३. २०७५ साउन १ गते देखि बजारमा अव्यवस्थित तवरबाट ठेला, गाडामा चना चटपट, पानी पुरी पसल संचालन गर्ने र अखाद्य बस्तु बेचविखनलाई पूर्ण रोक लगाईने छ ।

# अनुसूची - ७

## दफा ८ संग सम्बन्धित

## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन करको दर

बागलुङ नगर क्षेत्र भित्र राखिने विभिन्न व्यापारिक विज्ञापन बोर्डहरुमा नीजी स्थानमा तपशिल बमोजिमका विज्ञापन कर लगाउने सकिने .

| सि. नं | विज्ञापन सामाग्रीको विवरण | सार्वजनिक स्थलमा रु. | निजी स्थलमा रु. | अवधि |
|---|---|---|---|---|
| १ | विद्युतिय/डिजीटल होर्डिङ बोर्ड सार्वजनिक स्थल प्रति बर्ग फिट | रु १२०।- | रु १००।- | बार्षिक |
| २ | डिजीटल डिस्प्ले बोर्ड तथा डिजीटल स्क्रीन प्रति बर्ग फिट | रु ११०।- | रु ९०।- | बार्षिक |
| ३ | ग्लो साईन बोर्ड, नियोन साईन, एल.इ.डि.बोर्ड, ए.सि.पि. बोर्ड तथा अन्य विद्युतिय वोर्ड प्रति बर्ग फिट | रु ११०।- | रु ९०।- | बार्षिक |
| ४ | फ्लेक्स बोर्ड,फ्लेक्स होर्डङ्ग बोर्ड, डि.पि.एस. बोर्ड तथा पसलमा राखिने फ्लेक्स गेट प्रति बर्ग फिट | रु ९०।- | रु ७०।- | बार्षिक |
| ५ | बाल पेन्टिङ्ग, सटर पेन्टिङ्ग प्रति बर्ग फिट | रु ३५।- | रु २५।- | बार्षिक |
| ६ | पोलमा राखिने फ्लेक्स बोर्ड | रु १,०००।- | रु ९००।- | मासिक |
| ७ | पसल ब्रान्डीङ्ग गर्न लगाईने सामाग्रीहरु भित्र/बाहिर (भिनाईल स्टिकर, ओन वे भिजन स्टिकर, भिनाईल फोरेक्स आदी) | रु ५००।- | रु ५००।- | मासिक |
| ८ | सार्वजनिक, नीजी र भाडाका गाडिहरुमा गरिएको विज्ञापन सामाग्रीहरु | रु १,०००।- | रु १,०००।- | मासिक |
| ९ | पोल व्यानर प्रति गोटा | रु २००।- | रु २००।- | प्रति हप्ता |
| १० | विज्ञापनका लागि प्रयोग गरिएका बेलुन, स्टल, छाता प्रतिगोटा | रु १००।- | रु १००।- | प्रति दिन |
| ११ | व्यवसायिक प्रयोजनका लागि माईकिङ्ग गर्दा | रु ३००।- | रु ३००।- | प्रति दिन |

## अनुसूची - ८
## दफा ९ संग सम्बन्धित
## नगरपालिकाले आफ्नो क्षेत्रभित्रको मनोरन्जन करको दर

१. सिनेमाहल, भिडियोहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शन स्थलको मनोरञ्जन करको दर तथा संकलन गर्ने तरिका प्रदेश कानूनमा तोकिए वमोजिम हुनेछ ।

२. रमाईलो मेला सञ्चालकले नगर कार्यपालिकाको कार्यालयको अनुमति लिई सञ्चालन गर्नु पर्नेछ र रमाईलो मेला सञ्चालन गरे वापत प्रतिदिन रु १०,०००।- मनोरञ्जन शुल्क लाग्नेछ ।

३. मेला मोहत्सव प्रयोगमा आएका प्रति स्टलले दैनिक १००।- कर लाग्ने छ ।

## अनुसूची - ९
## दफा १० संग सम्बन्धित
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल/विटौरी कर

१. आफ्नो क्षेत्रमा आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल राख्न दिए बापत प्रति वर्गफुट मासिक विस रुपैया ।

२. **अस्थायी हाट बजार वा घुम्ती पसल तथा वहाल कर**

यस अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अस्थायी हाटबजारमा वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रूपमा देहाय बमोजिम व्यवसाय करः-

(१) घुम्ती (मोवाईल) पसल, खुन्चा समेतमा एकसय रुपैया ।

(२) चौपाया प्रति गोटा पाँच रुपैया ।

(३) हाँस कुखुरा आदि प्रति गोटा दुई रुपैया ।

(४) साग सब्जी र फलफूल पसल दश रुपैयाँसम्म ।

(५) अन्य दश रुपैया ।

नोटः- माथिको वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोवार र स्तर हेरी रु १००।- देखि १,०००।- रुपैयाँ सम्म ।

# अनुसूची - १०
## दफा ११ संग सम्बन्धित
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ शुल्क

१. नगरपालिकाले आफूले व्यवस्था गरेका सवारी पार्कमा पार्किङ्ग गरिएका बस, मिनीबस, ट्रक ट्याक्टरमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा चालीस रुपैयाँमा नबढाई पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

२. नगरपालिकाले आफूले निर्माण गरी सञ्चालन गरेको आधुनिक सुविधा सम्पन्न बस पार्कमा नगरपरिषद्ले निर्धारण गरे बमोजिमको पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

३. नगरपालिकाले आफूले तोकेको कार पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गर्ने कारमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा बढीमा बीस रुपैयाँसम्म पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

४. प्रकरण १, २ र ३ मा उल्लिखित सवारी साधन बाहेक अन्य सवारी साधनहरूका लागि नगरपालिकाले व्यवस्था गरेका क्षेत्रहरूमा पार्किङ्ग समयको आधारमा बढीमा दश रुपैयाँसम्म पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

**पटके सवारी पाकिङ्ग :-**

१) नीजि तथा भाडाका ट्रक, बस प्रति पटक रु ४०।-

२) नीजि तथा भाडाका मिनि बस ट्रक प्रति पटक रु ३०।-

३) नीजि तथा भाडाका ट्याक्टर ट्याम्पो जीप, ट्याक्सी आदि को प्रति पटक रु २०।-

४) मोटरसाईकल, स्कुटर जस्ता सवारी साधन प्रति पटक रु १०।-

## अनुसूची - ११
## दफा १३ संग सम्बन्धित
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन ढुंगा गिट्टी वालुवा रोडा ग्राभेल आदीमा लगाउने विक्रि करको दर

१. ढुंगा गिट्टी वालुवा रोडा ग्राभेल आदिको विक्रि कर प्रति क्यूफिट रु २।५० (दुई रुपैया पचास पैसा)

## अनुसूची - १२
## दफा १४ संग सम्बन्धित
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी करको दर

**१. सवारी दर्ता तथा वार्षिक सवारी कर**

(क) बस, ट्रक, लहरी र अन्य हेभी गाडीमा दुई हजार रुपैया मात्र ।

(ख) भाडाका कार, जीपमा पांच सय रुपैया मात्र ।

(ग) भाडाको टेम्पोमा दुई सय रुपैया मात्र ।

(घ) भाडाको मिनीवसमा एकहजार रुपैया मात्र ।

(ङ) नीजी कार, टेम्पो, मिनी बसमा पाच सय रुपैया मात्र ।

(च) स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधनमा तिन सय रुपैया ।

(छ) ठेलागाडा तथा साधारण रिक्सामा एक सय पचास रुपैयासम्म ।

# अनुसूची - १३
## दफा १५ संग सम्बन्धित
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सेवा शुल्क दस्तुर

### १. सडक मर्मत सुधार शुल्कः-

यस न.पा. क्षेत्रभित्र नंया व्यक्तिगत धारा जडान गर्दा वा मर्मत गर्दा र ड्रेनको निकास वा अन्य कुनै कारणले सडक खाडल पार्नु पर्ने वा सडक काट्नु पर्ने भएमा त्यस्तो कार्य समाप्त भएपछि सो फुटाईएको वा काटीएको सडकलाई पूर्व अवस्थामा ल्याउन सो कार्य गर्ने व्यक्तिबाट निम्नानुसारका दरले मर्मत शुल्क लिई सडक काट्ने अनुमति दिईनेछ। तर खानेपानीको लागि नयाँ धारा जडान र अत्यावश्यकिय ढल निकास गर्नुपर्ने अवस्था वाहेक अन्य अवस्थामा पिच सडक काट्ने अनुमति दिईने छैन।

१. सडकको पिच काट्नु पर्ने भएमा रु १,५००।- (एक हजार पाँच सय रुपैया) मात्र।
२. पिच सडक भएतापनि उक्त पिच सडकको पिच काट्न वा फुटाउन नपर्ने भएमा रु १,२५०।- (एक हजार दुई सय पचास रुपैया) मात्र।
३. जीर्ण अवस्थामा रहेका पिच सडक काट्न वा फुटाउन पर्ने भएमा रु १,०००।- (एक हजार रुपैया)
४. ग्राभेल बाटो फुटाउन वा काट्न पर्ने भएमा रु ८००।- आठ सय रुपैया।
५. कच्चि बाटो, गोरेटो बाटो, अन्य जग्गामा खन्नु वा काट्नु परेमा रु ५००।- पाँच सय रुपैया।
६. धारा जडानको जडान कार्य समाप्त भएपछि अनिवार्य रुपमा च्याम्बर निर्माण गनु पर्नेछ।
७. नगरपालिकाले आफैंले बनाएको वा आफूलाई हस्तान्तरण भई आएको सडकमा देहाय बमोजिमका सवारी साधनहरुमा देहाय वमोजिम सडक मर्मत सुधार शुल्क लगाउन सक्नेछ।

क. नीजि तथा भाडाका ठुला वस तथा ट्रकहरु रु १००।- एकसय रुपैया मात्र ।
ख. नीजि तथा भाडाका मिनिवस तथा मिनि ट्रक, ट्रयाक्टरहरु रु ७०।- सत्तरी रुपैया मात्र ।
ग. नीजि तथा भाडाका कार जीप तथा भ्यान, साना ट्रयाक्टर रु ५०।- साठी रुपैया मात्र ।
घ. अन्य साधन र पावरटेलर ट्रयाक्टर रु ५०।- पचास रुपैया मात्र ।
ङ. उपरोक्तानुसारको सडक मर्मत सुधार शुल्क, स्कुल वसहरु र कृषि तथा पशुजन्य उत्पादनका वस्तुहरु ओसारपसार गर्ने साधनहरुलाई दिनको एकपटक मात्र तिरे पुग्नेछ ।
च. नियमित रुपमा घर तथा वजार गर्ने नगरक्षेत्र भित्रका यात्रुवाहक नीजि कार तथा ट्याक्सीहरुलाई शुल्क लाग्ने छैन ।

२. **नक्सापास दस्तुर :-**

यस न.पा. क्षेत्र भित्र निर्माण हुने आधुनिक घरहरुको लागि निम्नानुसारको नक्सापास तथा अन्य दस्तुर लाग्नेछ ।

१. नक्सापास निवेदन फारामको रु १,०००।- एक हजार रुपैया ।
२. भुंई तला र पहिलो तलामा प्रति वर्ग फिट रु ८।- आठ रुपैया ।
३. दोस्रो तलामा प्रति वर्ग फिट रु ९।- नौ रुपैया ।
४. तेस्रो र चौथो तलामा प्रति वर्ग फिट रु १०।- दश रुपैया ।
५. बजार क्षेत्रमा निर्माण हुने पर्खालको प्रति वर्ग फिट १।- रुपैया ।
६. सिमेन्ट जडान भएका अस्थायी छाप्रो निर्माण प्रति बर्ग फिट रु ७।- सात रुपैया ।

७. माटोको जडान भएका अस्थायी छाप्रो निर्माणमा प्रति बर्ग फिट रु ५।- पाँच रुपैया ।

८. कुनै कित्तामा एक भन्दा बढी छाप्रो बनाउनु पर्ने भएमा सबै छाप्रोको नक्सा पेश गरी सोही बमोजिम दस्तुर लाग्नेछ ।

९. माथि उल्लेख भए वमोजिमका स्थायी वा अस्थायी घर पर्खाल तथा टहरा निर्माणका लागि समेत नक्सा डिजाईन पेश गर्नुपर्नेछ ।

१०. नक्सा स्वीकृत गराई निर्माण कार्य शुरु गरेका तर तोकिएको समयमै निर्माण सम्पन्न गरी सम्पन्न प्रमाण पत्र नलिएकाको हकमा नक्सा पास गर्दाका वखतको दस्तुर र निर्माण सम्पन्न प्रमाण पत्र लिंदाका वखतको नक्सापास दस्तुरको अन्तर रकम थप दस्तुर सम्पन्न प्रमाण पत्र दिने ।

**३. सम्पत्ति मुल्यांकन सेवा शुल्क :-**

सम्पत्ति मुल्यांकन तथा आयश्रोत प्रमाणितमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम निम्नानुसारको सेवा शुल्क लगाईनेछ । पहिलो पटक मुल्यांकन गर्दा नियमावली अनुसार मुल्यांकन शुल्क लाग्ने र सोही आ.व.मा सोहि व्यक्तिबाट सोहि विवरण बमोजिम उल्लिखित मुल्यांकन पुनः प्रमाणितको सिफारिस माग भई आएमा पहिलो पटक मुल्यांकन गर्दा शुरुमा लागेको सेवा शुल्कको २५, प्रतिशत दोश्रो पटक ५०, प्रतिशत तेश्रो पटक ७५ प्रतिशत र चौथो पटक १०० प्रतिशत सेवा शुल्क लाग्ने छ । सम्पति मुल्याकंन तथा आयश्रोत प्रमाणित शुल्क लिइसकेपछि थप सिफारिश दस्तुर लाग्ने छैन । यो व्यवस्था एक आ.व. भित्र रहने छ । आ.व. परिवर्तन भएमा शुरु १०० प्रतिशत नै लाग्नेछ ।

१- सम्पत्ती मुल्यांकन प्रति एक हजार रुपैयाको, एक प्रतिशत

२- आयश्रोत प्रमाणित प्रति एक हजार रुपैयाको,एक प्रतिशत

## ४. सिफारिस दस्तुर :-

| सि. नं. | सिफारिसको विवरण | आ.व.०७५।०७६ को दर |
|---|---|---|
| 1= | वशंजको नागरिकता सिफारिस (निवेदन दस्तुर रु २० सहित) | 50।- |
| 2= | जन्मको आधारमा गरिने नागरिकता सिफारिस ,, ,, | 50।- |
| 3= | नेपाली पुरुषसंग विवाह गर्ने विदेशि महिलाको नागरिकता सिफारिस | 500।- |
| 4= | नागरिकताको प्रतिलिपि सिफारिस | 50।- |
| 5= | नागरिकताको संशोधन सिफारिस | 100।- |
| 6= | नाता प्रमाणित (निवेदन दस्तुर सहित) | 300।- |
| 7= | विद्युत सिफारिस | 300।- |
| 8= | नाम संशोधन, नाम छुट तथा दुई नाम सिफारिस | 300।- |
| 9= | जन्म मिति प्रमाणित | 300।- |
| 10= | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | 300।- |
| 11= | नाम थर जन्ममिति संसोधन सिफारिस | 300।- |
| 12= | घरजग्गा नामसारी सिफारिस (स्वामित्व हस्तान्तरण) | 1,000।- |
| 13= | सम्बन्ध विच्छेद भएको सिफारिश | 500।- |
| 14= | फुकुवा सिफारिस | 500।- |
| 15= | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | 500।- |
| 16= | हकवाला संरक्षण सिफारिस | 500।- |
| 17= | नक्कल प्रमाणित दस्तुर (एकिकृत रसिद समेत) | 100।- |
| 18= | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | 200।- |

| | | |
|---|---|---|
| 19= | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | 200।- |
| 20= | घरनक्सा नामसारी | 1,000।- |
| 21= | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | 1,500।- |
| 22= | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | 1,000।- |
| 23= | नीजि क्षेत्रका रुख कटान सिफारिस | 500।- |
| 24= | मिलापत्र दस्तुर | 500।- |
| 25= | नावालक सिफारिस | 200।- |
| 26= | जन्म, मृत्यु, विवाह जस्ता सिफारिस | 300।- |
| 27= | विभिन्न दलित,जन जाती तथा थर प्रमाणित | 300।- |
| 28= | कर किलियर सिफारिस नेपाली | 300।- |
| 29= | पारिवारिक विवरण | 300।- |
| 30= | खानेपानी सम्वन्धि सिफारिस | 300।- |
| 31= | उद्योग सिफारिस | |
| | (क) साना | 1,000।- |
| | (ख) मझौला | 1,500।- |
| | (ग) ठूला | 2,000।- |
| 32= | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | |
| | (क) पुर्व प्रा.वि. | 2,000।- |
| | (ख) प्रा.वि. | 2,500।- |
| | (ग) नि.मा.वि. | 3,000।- |
| | (घ) मा.वि. | 4,000।- |
| | (ङ) उच्च मा.वि.(११ र १२) | 4,500।- |
| | (च) स्नातक तह | 5,000।- |
| 33= | वैद्धेशिक प्रयोजनका लागी अंग्रेजी भाषामा गरिने सबै प्रकारका प्रति सिफारिस | 850।- |

| | | |
|---|---|---|
| 34= | चारकिल्ला प्रमाणित | 300l- |
| 35= | खरिद विक्री प्रयोजनका लागी आउने वार्ड नं. १,२,३ को बजार क्षेत्र पुरै वार्ड नं. ४ को बागलुङ बुर्तिवाङ्ग सडकको दाया वाया र सवै बजार क्षेत्र वार्ड नं. ३ को बागलुङ बुतिवाङ्ग सडकको दाया बाया ४ को बागलुङ बेनी सडकको दायाँ बाया र सो राजमार्गको उत्तर पूर्व तर्फको उपल्लाचौर तथा ओडारचौर क्षेत्र र बागलुङ बेनी राजमार्गको ७४ फिट सम्मको क्षेत्रमा घरबाटो सिफारिस प्रति सिफारिस साथै नँया थपिएका वडा मा रहेका कार्यपालिकावाट तोकिएकका मुख्य सडकको दाया बाँया । | 700l- |
| 36= | माथि उल्लेख भए वाहेकका सवै ग्रामीण सडक संग जोडिएका क्षेत्रको घरवाटो शिफारिस प्रति सिफारिस । | 500l- |
| 37= | ग्रामीण क्षेत्रका अन्य घरबाटो सिफारिस प्रति सिफारिस | 400l- |
| 38= | संस्था दर्ता शिफारिस | 1,000l- |
| 39= | घर ढलान गर्दा वाटो प्रयोग सम्बन्धी शिफारिस | 1,000l- |
| 40= | घर कायम शिफारिस | 500l- |
| 41= | माथि उल्लेखित बाहेकका सवै किसिमका सिफारिसहरुमा | 300l- |

*नोटः- नगर क्षेत्र भित्रका फरक क्षमता भएकाहरुको परिचय-पत्र सम्बन्धी, आर्थीक अवस्था कमजोर भई निःशुल्क उपचार सम्वन्धि सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी शिफारिसहरुमा शिफारिस दस्तुर छुट दिईनेछ ।*

## %= <u>Pkm=Pd= /]l8of] ;~rfng ;DaGwL ;]jf z'Ns</u>

वागलुङ नगर कार्यपालिकाको मिति २०७४।९।२४ गतेको निर्णयानुसार स्वीकृत एफ.एम रेडियो सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ संग सम्बन्धित एफ.एम. रेडियो दर्ता नविकरण तथा दण्ड जरिवाना सम्बन्धमा देहाय वमोजिम सेवा शुल्क लगाउने ।

क. दर्ता शुल्क रु १,०००।- एक हजार रुपैया मात्र ।

ख. नविकरण शुल्क रु ५००।- पाँच सय रुपैया मात्र ।

ग. दण्ड जरिवाना रु २००।- दुई सय रुपैया मात्र ।

घ. प्रतिलिपि दस्तुर रु १,०००।- एक हजार रुपैया मात्र

## ६.. व्यक्तिगत घटना दर्ता शुल्क

व्यक्तिगत घटना दर्ता ऐन २०३३ र नियमावली २०३४ वमोजिम नगर क्षेत्र भित्रका देहाय वमोजिमका घटना दर्तामा देहाय वमाजिमको शुल्क लगाउने निणर्य गरियो ।

| | | | |
|---|---|---|---|
| १. जन्म दर्ता | रु ५०।- | २. मृत्यु दर्ता | रु ५०।- |
| ३. विवाह दर्ता | रु ५०।- | ४. वसाई सराई दर्ता | रु ५०।- |

***पुनश्चः*** घटन दर्ताको हकमा घटना घटेको ३५ दिन भित्र कुनै शुल्क लाग्ने छैन ।

७. **पार्क प्रवेश शुल्क :** नगरपालिका क्षेत्र भित्रका पार्कहरुमा प्रवेश गर्दा प्रति व्यक्ति प्रति दिन रु १०।- प्रवेश शुल्क लगाईनेछ । तर ५ वर्षभन्दा मुनिका वालवालिकाहरुलाई शुल्क लाग्ने छैन ।

## ८. कर छुट तथा दण्ड जरिवाना

**१.** एकिकृत सम्पत्ति कर सोहि आ.व.को पौष मसान्त सम्म वुझाउने करदाताहरुलाई १० प्रतिशत छुट दिईने छ र सो आ.व.मा सो कर नवुझाउने करदातालाई एकिकृत सम्पत्ति कर व्यवस्थापन निर्देशिका २०७५ वमोजिम जरिवाना लगाईने

छ । सो आ.व. भित्र नवुझाएमा गतवर्षको करमा १० प्रतिशत र विगत अगाडिका वर्षहरुको हकमा करको दरमा एकमुष्ट २० प्रतिशत जरिवाना लाग्नेछ ।

२. आ.व. २०७५।०७६ को व्यवसाय कर २०७५ आश्विन मसान्त भित्र बुझाउने कर दाताहरुलाई करको दरमा १० प्रतिशत छुट दिईने छ । सो आ.व. भित्र नवुझाएमा गत वर्षको करमा १० प्रतिशत र विगत वर्षहरुको करको दरमा २० प्रतिशत जरिवाना लगाईने छ ।

३. बागलुङ नगर खानेपानी उपभोक्ता संस्था वा अन्य कुनै संस्था वा व्यक्तिले नगरक्षेत्र भित्रका सडक काट्नु पर्दा नगरपालिका कार्यालयको पूर्वस्वीकृत लिएर मात्र सडक काट्नु पर्नेछ । खानेपानी व्यवस्थापन वा अन्य कारणवाट सडक खाल्टा खुल्टी पारेमा वा सडक संरचना विगारेमा न्युनतम १ वर्गमिटर सम्मको रु ५,०००।- (पाँच हजार रुपैया) र सो भन्दा माथि प्रति वर्गमिटर रु १,०००।- (एक हजार रुपैया) का दरले संस्था वा व्यक्तिले जरिवाना वुझाउनु पर्नेछ ।

## ९. धरौटी

१. पक्की घर निर्माण ईजाजत दिदा रु प्लिन्थ एरिया ८०० वर्ग फिट सम्म भएको घरमा १०,०००।- दशहजार रुपैया

२. ८०० वर्गफिट देखि रु १,५००।- वर्गफिटसम्मको क्षेत्रफल भएको घरमा रु १५,०००।- पन्ध्र हजार रुपैया ।

३. १५०० वर्गफिटभन्दा माथिको क्षेत्रफल भएको घरमा रु २०,०००।- वीस हजार रुपैया ।

४. अस्थाई छाप्रो निर्माण ईजाजत दिंदा रु ५,०००।- पाँच हजार रुपैया ।

५. नक्सापास ईजाजतका लागि निवेदन दर्तासंगै सो वापतको नक्सापास दस्तुर र धरौटी रकम वुझाउनु पर्नेछ

६. निर्माण कार्य सम्पन्न भएपछि निर्माण कार्यवाट उत्पन्न फोहोरको सरसफाई वापत ५० प्रतिशतले हुने रकम कट्टा गरी वांकी रकम फिर्ता गरिनेछ । यसरी जम्मा भएको रकमलाई छुट्टै सरसफाई कोष खडा गर्ने र उक्त रकमलाई सडक नाली सरसफाईमा खर्च गरिने छ ।

प्रमाणिकरण
जनकराज पौडेल
नगर प्रमुख
प्रमाणिकरण मिति :- २०७५ साल श्रावण १ गते मंगलवार

आज्ञाले
भीम बहादुर कुँवर
प्रमुख प्रशासकीय अधिकृत